11 जुलाई 2024

National News

मुख्य समाचार

- 41 वर्षपछि भयो भारतीय प्रधानमन्त्रीको अस्ट्रियाको भ्रमण ;भौगोलिक रूपमा भारत र अस्ट्रिया दुई फरक ठाँउमा अवस्थित भए पनि दुई देशबीच धेरै समानता रहेको प्रधानमन्त्रीको भनाई।
- श्री नरेन्द्र मोदी सरकारको तेस्रो कार्यकालको पहिलो बजेट यस वर्षको 22 जुलाईबाट शुरु हुने।
- भारतीय लोकसभा अध्यक्ष रुसको सेन्ट पिटर्सबर्गमा भैरहेको 10औं ब्रिक्स संसदीय फोरममा भारतीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै
- दिल्ली सरकारले जनतालाई गरेका वाचा पूरा गर्न असफल भएको श्री वैष्णवको आरोप

- केन्द्रीय स्वास्थ्य मन्त्रीले गर्नुभयो दिल्लीमा विश्व जनसंख्या दिवसको अवसरमा एक बैठकको अध्यक्षता
- उत्तराखण्डको जोशीमठ नजिक पहिरो खसेपछि चमोली जिल्लाको बद्रीनाथ राष्ट्रिय राजमार्ग आज लगातार तेस्रो दिन पनि बन्द

41 वर्षपछि भयो भारतीय प्रधानमन्त्रीले अस्ट्रियाको भ्रमण

भौगोलिक रूपमा भारत र अस्ट्रिया दुई फरक ठाँउमा अवस्थित भए पनि दुई देशबीच धेरै समानता रहेको प्रधानमन्त्रीको भनाई।

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भारत र अष्ट्रियाबीचको सम्बन्ध सरकारले मात्र नभएर यो सम्बन्धलाई अझ बलियो बनाउन जनताको सहभागिता पनि महत्वपूर्ण रहेको बताउनु भएको छ। आज भियनामा भारतीय समुदायलाई सम्बोधन गर्दै श्री मोदीले, भौगोलिक रूपमा भारत र अस्ट्रिया दुई फरक ठाँउमा अवस्थित भए पनि दुई देशबीच धेरै समानता रहेको बताउनुभयो। प्रधानमन्त्रीले थप भन्नुभयो , लोकतन्त्रले दुई देशलाई जोडेको छ र स्वतन्त्रता, समानता, बहुलवाद र कानूनको शासनको सम्मान हाम्रा साझा मूल्यहरू हुन्। प्रधानमन्त्रीले दुवै देश बहुसांस्कृतिक र बहुभाषिक भएकाले विविधतालाई उत्सवको रुपमा सुइकारेको बताउनुभयो । यी सबैलाई झल्काउने एउटा ठूलो माध्यम निर्वाचन भएको उहाँले बताउनुभयो ।श्री मोदीले अस्ट्रियामा केही महिनामा चुनाव हुने बताउँदै भन्नुभयो भारतमा हालै जनताले लोकतन्त्रको पर्व मनाएका छन् । श्री मोदीले 41 वर्षपछि भारतीय प्रधानमन्त्रीले अस्ट्रियाको भ्रमण गरेको

जानकारी दिनुभयो।  भारत र अस्ट्रियाले आफ्नो मित्रताको 75 औं वर्ष मनाउँदा लामो प्रतीक्षाको अन्त्य भएको उहाँले थप बताउनु भयो।

श्री नरेन्द्र मोदी सरकारको तेस्रो कार्यकालको पहिलो बजेट यस वर्षको 22 जुलाईबाट शुरु हुने।

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीको नीति आयोगमा केन्द्रीय बजेट 2024-25 अघि प्रमुख अर्थशास्त्रीहरूसँग बैठक गरेर उनीहरूको सुझावहरू लिनुभयो। बैठकमा वित्तमन्त्री श्रीमती निर्मला सीतारमण, नीति आयोगका उपाध्यक्ष श्री सुमन बेरी, प्रधानमन्त्रीका प्रमुख सचिव श्री पीके मिश्र र धेरै प्रसिद्ध अर्थशास्त्री र विज्ञहरू उपस्थित थिए। संसदको बजेट अधिवेशन 22 जुलाइदेखि सुरु हुँदैछ। वित्तमन्त्री श्रीमति निर्मला सीतारमणले जुलाई 23 मा लोकसभामा केन्द्रीय बजेट प्रस्तुत गर्नुहुनेछ। यो श्री नरेन्द्र मोदी सरकारको तेस्रो कार्यकालको पहिलो बजेट हुनेछ।गत महिना संसदको दुवै सदनको संयुक्त बैठकमा राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले,यसपटकको बजेट सरकारको दूरगामी नीति र भावी रणनीतिको प्रभावकारी दस्तावेज हुने बताउनु थियो। उहाले यस बजेट अधिवेशनमा महत्वपूर्ण आर्थिक र सामाजिक निर्णयसँगै धेरै ऐतिहासिक पहल हुने बताउनु भएको थियो। जानकारी गराईन्छ,लोकसभा चुनावका कारण यस वर्षको फेब्रुअरीमा अन्तरिम बजेट प्रस्तुत गरिएको थियो।

लोकसभा अध्यक्षले श्री ओम बिल्ला रुसको सेन्ट पिटर्सबर्गमा भैरहेको 10औं ब्रिक्स संसदीय फोरममा भारतीय प्रतिनिधिमण्डलको नेतृत्व गर्दै

आज लोकसभा अध्यक्ष श्री ओम बिरलाले भारतले समावेशी वृद्धि र दिगो विकासको ब्रिक्सको एजेन्डालाई अगाडि बढाउन सक्रिय भूमिका खेलिरहेको बताउनु भएको छ। लोकसभा अध्यक्षले रुसको सेन्ट पिटर्सबर्गमा भैरहेको 10औं ब्रिक्स संसदीय फोरममा भारतीय प्रतिनिधिमण्डलको नेतृत्व गर्नु हुँदै छ। बैठकको पहिलो पूर्ण सत्रलाई सम्बोधन गर्दै, श्री बिरलाले देशमा भर्खरै सम्पन्न लोकसभा चुनावमा लगभग 65 करोड मतदाताहरूले आफ्नो मताधिकार प्रयोग गरेको जानकारी दिनुभयो। उहाले लोकसभामा आफुलाई लगातार दोस्रो पटक अध्यक्षको पदमा निर्वाचित गर्नु आफ्नो सौभाग्यको कुरो रहेको पनि बताउनुभयो। BRICS संसदीय फोरम - इजिप्ट, इथियोपिया, इरान, साउदी अरब र संयुक्त अरब इमिरेट्सका चार नयाँ सदस्यहरूलाई स्वागत गर्दै, श्री बिरलाले संगठनमा नयाँ सदस्यहरू समावेश गरेकोमा रूसको अध्यक्षताको प्रशंसा गर्नुभयो। उहाले ब्रिक्सले विश्वव्यापी शासन प्रणालीको व्यापक लोकतान्त्रिकीकरण र विश्व स्तरमा संयुक्त राष्ट्र सुरक्षा परिषद् र विश्व व्यापार संगठन जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूको सुधारका लागि प्रयास गरिरहेको बताउनुभयो।

## दिल्ली सरकार जनतालाई गरेका वाचा पूरा गर्न असफल भएको श्री वैष्णवको आरोप

केन्द्रीय सूचना तथा प्रसारण मन्त्री श्री अश्विनी वैष्णवले आम आदमी पार्टीको नेतृत्वमा रहेको दिल्ली सरकारले जनतालाई गरेका वाचा पूरा गर्न असफल भएको आरोप लगाउनु भएको छ। आज नयाँ दिल्लीमा संचारकर्मीहरुलाई सम्बोधन गर्दै श्री वैष्णवले आम आदमी पार्टी र दिल्लीका मुख्यमन्त्री श्री अरविन्द केजरीवालले दिल्लीमा अराजकता सिर्जना गरको र त्यसले जनतालाई असर भएको बताउनुभएको छ।उसाले सहरका जनतालाई पानी उपलब्ध गराउनुको सट्टा मदिरा नीतिमा श्री केजरीवालको ध्यान केन्द्रित रहेको गम्भीर आरोप लगाउनु भयो। श्री वैष्णवले कथित घोटालाको आरोपले श्री केजरीवालको विचार र उद्देश्य माथि प्रश्न चिन्ह खडा गरेको पनि श्री वैष्णवले भन्नुभयो । प्रवर्तन निर्देशनालयले सबै तथ्यहरू सहित श्री केजरीवाल विरुद्ध आरोपपत्र दायर गरेको र आबकारी नीति मामिलामा कथित अनियमितताको सम्बन्धमा अदालतमा प्रमाण पेश गरेको पनि श्री वैष्णवले बताउनु भएको छ।

## केन्द्रीय स्वास्थ्य मन्त्रीले गर्नुभयो दिल्लीमा विश्व जनसंख्या दिवसको अवसरमा एक बैठकको अध्यक्षता;

केन्द्रीय स्वास्थ्य मन्त्री श्री जगत प्रकाश नड्डाले आज नयाँ दिल्लीमा विश्व जनसंख्या दिवसको अवसरमा, राज्य र केन्द्र शासित प्रदेशहरूसँग परिवार नियोजन र जनसंख्या नियन्त्रणका मुद्दाहरूमा भर्चुअल कार्यक्रमको अध्यक्षता गर्नुभयो। कार्यक्रमको theme"आमा र बच्चाको स्वास्थ्यका लागि गर्भाअवस्थाको उचित समय र अन्तराल रहेको थियो । यस अवसरमा बोल्दै श्री नड्डाले उचित परिवार नियोजन र योजना अनि पहलहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न केन्द्र र राज्य सरकार दुवैले सामूहिक रूपमा काम गर्न आवश्यक रहेको बताउनुभयो। बढी जनसङ्ख्या भएका राज्य, जिल्ला र ब्लकहरूमा विशेष ध्यान दिनुपर्ने कुरामा उहाँले जोड दिनुभयो। केन्द्रीय मन्त्रीले कम प्रजनन दरको लक्ष्य पुरा गरेका राज्यहरूमा यसलाई कायम राख्न र अन्य राज्यहरूमा यसलाई प्राप्त गर्ने दिशामा काम गर्नुपर्ने बताउनुभयो। स्वास्थ्य मन्त्री श्री नड्डाले परिवार नियोजन सेवा प्रदायकहरूको लागि परिवार नियोजनको बारेमा चेतना बढाउन डिजाइन गरिएको बहुउद्देश्यीय परिवार नियोजन प्रदर्शन मोडेल “सुगम” को पनि अनावरण गर्नुभयो। उहाले परिवार नियोजन र परिवार नियोजन उपकरणहरूको प्रयोगको बारेमा सचेतना बढाउने उद्देश्यले नयाँ रेडियो स्पटहरू र जिंगलहरू पनि सुरू गर्नुभएको छ।

**उत्तराखण्डको जोशीमठ नजिक पहिरो खसेपछि चमोली जिल्लाको बद्रीनाथ राष्ट्रिय राजमार्ग आज लगातार तेस्रो दिन पनि अवरुद्ध**

उत्तराखण्डको जोशीमठ नजिक पहिरो खसेपछि चमोली जिल्लाको बद्रीनाथ राष्ट्रिय राजमार्ग आज लगातार तेस्रो दिन पनि अवरुद्ध भएको छ । यद्यपि, एसडीआरएफका कर्मचारीसरुले तीर्थयात्रीहरूलाई पैदल यात्रा गराएर सुरक्षित रूपमा सडक पार गर्न सहयोग गरिरहेका छन्। अर्कोतर्फ पातलगंगा लङ्सी सुरुङ र भानेरपानी नजिक हिजो गएको पहिरोको भग्नाउशेष हटाएर अहिले वाहानहरुको आवागमन सुरुचारु भएको छ ।

मौसम विभागले भोली देहरादून, तेहरी, पौरी, हरिद्वार, चम्पावत, नैनीताल र उधम सिंह नगर जिल्लाका केही स्थानमा भारी वर्षाको चेतावनी जारी गरेको छ।